# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## हेटौंडा, मकवानपुर
## ३ नं. प्रदेश, नेपाल

पत्र संख्या :-
शाखा/उपशाखा/इकाई :शिक्षा विकास महाशाखा
चलानी नं. : 668

मिति २०७६/०५/०५

जो जस संग सम्बन्ध राख्दछ ।

विषय : विषयविज्ञका लागि आवेदन दिने सम्वन्धी सुचना ।

प्रस्तुत विषयमा यस नगर क्षेत्र भित्र संचालित विद्यालयहरुमा रिक्त हुने आधारभुत तथा माध्यमिक तहका शिक्षक, कर्मचारी तथा बालविकास सहयोगीहरुको अस्थायी करार पदपुर्तिका लागि आवश्यक विषयविज्ञको सुचि तयारीका लागि तपशिलका योग्यता पुगेका इच्छुक स्थायी शिक्षकहरुबाट सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र यसै सुचना साथ संलग्न ढाँचामा यस उपमहानगरपालिका शिक्षा विकास महाशाखामा आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

2076/05/05

पूर्णबहादुर अछामी
उप-सचिव (शिक्षा)

तपशिल :
१. नेपाल सरकारको स्वीकृत दरबन्दिमा कम्तीमा ५ वर्ष सम्बन्धित तह र विषयमा स्थायी शिक्षकको रुपमा कार्यअनुभव प्राप्त गरेको
२. आधारभुत तह (१-५) का लागि शिक्षाशास्त्रमा कम्तीमा स्नातक तह उत्तीर्ण
३. आधारभुत तह (६-८) का लागि सम्बन्धित मुल विषय सहित शिक्षाशास्त्रमा कम्तीमा स्नातक तह उत्तीर्ण
४. माध्यमिक तह का लागि सम्बन्धित मुल विषय सहित शिक्षाशास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण
(नोट : कार्यरत तहभन्दा तल्लो तहमा समेत आवेदन दिन सकिने)

बोधार्थ :-
श्री सुचना तथा अभिलेख शाखा :- सूचना वेवसाइटमा अपलोड गरी दिनु हुन ।


| | | | |
|---|---|---|---|
| कार्यकारी अधिकृत | : ०५७-५२२७४७ | सार्वजनिक निर्माण शाखा | : ०५७-५२३०४५ |
| वित्तिय व्यवस्थापन महाशाखा/लेखा शाखा | : ०५७-५२४५४० | राजश्व प्रशासन शाखा | : ०५७-५२४५८८ |
| शहरी विकास, अनुसन्धान तथा वातावरण महाशाखा | : ०५७-५२०४३३ | सूचना तथा अभिलेख शाखा | : ०५७-५२२८७६ |
| योजना तर्जुमा तथा पूर्वाधार विकास महाशाखा | : ०५७-५२३०४५ | खरिद/जिन्सी उपशाखा | : ०५७-५२४५२७ |
| सामान्य प्रशासन तथा सुशासन प्रवर्धन महाशाखा | : ०५७-५२५८३९ | सिफारिस उपशाखा | : ०५७-५२३०४४ |
| सामाजिक विकास महाशाखा | : ०५७-५२४६८८ | नियमन इकाई (नगर प्रहरी) | : ०५७-५२०३७७ |
| भवन इजाजत व्यवस्थापन शाखा (नक्शा पास) | : ०५७-५२०८७० | बारुण यन्त्र | : ०५७-५२०६७७/१०१ |

इमेल : info@hetaudamun.gov.np वेबसाइट : hetaudamun.gov.np

हेटौडा उपमहानगरपालिका, हेटौडा, मकवानपुर
विषय विज्ञका लागि दिइने आवेदन फाराम, २०७६

मिति :-

श्री हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय
हेटौडा, मकवानपुर ।

विषय :- विषय विज्ञका रुपमा सूचिकृत गरिदिनु हुन ।

विद्यालय तहको अस्थायी करार शिक्षक/कर्मचारी नियुक्ति प्रयोजनका लागि विषयविज्ञको सूचिमा मेरो नाम सूचिकृत गरिदिनुहुन आफ्नो निम्नानुसारको सत्य तथ्य विवरण खुलाई आवश्यक कागजात संलग्न गरी निवेदन गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. नाम,थर :-

२. स्थायी ठेगाना : क) प्रदेश नं. ख) जिल्ला ग) गाउँपालिका/नगरपालिका
घ) वडा नं. ङ) टोल

३. हालको ठेगाना : क) प्रदेश नं. ख) जिल्ला ग) गाउँपालिका/नगरपालिका
घ) वडा नं. ङ) टोल

४. स्थायी नियुक्ति : क) सुरु स्थायी नियुक्ति मिति ख) तह ग) श्रेणी
घ) नियुक्ति लिएको विषय ङ) हालको पदमा नियुक्ति मिति

५. शैक्षिक योग्यता (सम्बन्धित तह/विषय) : क) शैक्षिक योग्यता ख) संकाय
ग) उत्तीर्ण प्रतिशत घ) मूल विषय

६. शिक्षण अनुभव : क) शिक्षण गरेको विषय ख) स्थायी शिक्षकको रुपमा शिक्षण अनुभव बर्ष

७. शिक्षण गरेको विषयमा औषत पछिल्लो ३ वर्षका विद्यार्थी उपलब्धि : क) कक्षा र सिकाइ उपलब्धि (२०७५)
ख) कक्षा र सिकाइ उपलब्धि (२०७४)
ग) कक्षा र सिकाइ उपलब्धि (२०७३)

८. हाल कार्यरत विद्यालयको नाम र ठेगाना :

९. विषय विज्ञको रुपमा काम गर्न चाहेको तह : क) ख) ग)

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो फरक परे कानुन बमोजिम सहुँला बुझाउँला :

आवेदनको नाम,थर :

दस्तखत

मिति

सम्पर्क नं.

**आवेदन साथ पेश गर्नु पर्ने कागजातहरुको विवरण :-**

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. आधारभूत तह (१-५) को लागि शिक्षा शास्त्रमा स्नातक, आधारभूत तह (६-८) का लागि सम्बन्धित मुल विषय सहित शिक्षा शास्त्रमा कम्तीमा स्नातक तह उत्तीर्ण र माध्यमिक तहको हकमा सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातकोत्तर उर्त्तीण गरेको प्रमाणपत्रको प्रतिलिपी

३. स्थायी नियुक्तिपत्रको प्रतिलिपी

४. शिक्षण अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपी

५. कुन कुन तह र विषयको विषय विज्ञ हुने हो सो स्पष्ट खुलेको तोकिएको ढाँचाको निवेदन

६. कार्यरत विद्यालयको सिफारिस पत्र